# मानव उत्तरदायित्वको बडापत्र

मानव उत्तरदायित्वको बडापत्र निर्माणका लागि प्रस्तावित-
प्रस्तावनाको
नेपाली भाषामा अनुवाद

काठमाण्डौ, नेपाल
जुलाई - २००८

# मानव उत्तरदायित्वको बडापत्र

## नया चूनौतीहरु: उत्तरदायित्वको नयां आयामहरु

वर्तमान विश्वको अन्तराष्ट्रिय जीवनमा दूइवटा घत लाग्दा सम्झौताहरु भएका छन् । पहिलो मानव अधिकारको सर्वव्यापि घोषणपत्र र दोश्रो संयुक्त राष्ट्र संघको बडापत्र ।

मानव अधिकारको घोषणापत्रले मानिसको व्यक्तिगत गरिमा र कानूनीहकलाई व्यक्तिको अधिकारको सुरक्षाको रुपमा स्वीकार गर्दछ भने संयूक्त राष्ट्र संघको बडापत्रले विश्व भरि शान्ति र विकासको स्थापना गर्ने अभिभाराबाट प्रतिवद्ध छ । यी दुवै सन्धिहरु राष्ट्र राष्ट्र वीचको संगठन, अन्तरार्ष्ट्रिय सम्बन्धलाई अभिवृद्धि गर्ने अपरिहार्य संरचनाहरु हुन ।

अहिले विश्वमा विगत, आदि शताव्दि देखि आमूल परिवर्तनहरु देखिएका छन् । मानवजाति संघर्षको नयां चूनौतीहरुमा होमिएको छ । विशेष गरेर वातावरणलाई सुरक्षित राख्ने अनिवार्य दायित्व उसको कांधमा आई परेको छ । यसबाट के स्पष्ट हून्छ भने उल्लेखित प्रारम्भिक चरणका सम्झौताहरुले बर्तमान र भविष्यका विभिन्न चूनौतीपूर्ण आयामहरुलाई अझै राम्ररी सम्वोधन गर्नु पर्ने मानवीय दायित्व रहेको देखिन्छ । उत्तरदायित्वले नैतिकताको अवधारणालाई प्रस्तावित गर्छ । यसले शान्ति र अधिकारको निर्माण गरि विश्व सम्बन्धको दृष्ठिकोणलाई विस्तार गरी, पृथ्वी र यसमा निवास गर्ने प्राणीको स्थायित्वलाई सूनिश्चित प्रदान गर्नमा मद्दत गर्छ ।

## प्रस्तावना

मानवीय जीवनकालमा एउटा मानिसको अर्को मानिस माथि अहिले भन्दा पहिले कहिले पनि यस्तो दुरगामी राजनैतिक, आर्थिक सामाजिक र सास्कृतिक प्रभाव परेको देखिदैन । त्यस्तै मानिसमा यो भन्दा अगाडि कहिले यति धेरै असिमीत ज्ञानको प्राप्ति पनि थिएन र आफनो वातावरणीय परिवेशलाई परिवर्तन गर्ने सामर्थ्य पनि थिएन । तर, यति धेरै सम्भावित अवसरहरु देखिएता पनि मान्छेले जति सुकै क्षमताहरु हासिल गरेता पनि समाजका विभिन्न क्षेत्रहरुमा उसले सोच्दै नसोचेका संकटहरु उत्पन्न हुदै गएका छन ।

विश्वव्यापी रुपमा बढ्दो अन्तर आधारित सम्बन्धहरु, व्यक्ति-व्यक्ति बीच, समाज-समाज बीच, तथा मान्छे प्रकृति बीच जून निरन्तर रुपमा चुलिदै गएका छन सोको प्रभाव अल्पकालीन र दीर्घकालीन तवरबाट तथा सामुहिक र व्यक्तिगत रुपमा हाम्रो प्राकृतिक र सामाजिक वातावरणमा प्रष्ट परिरहेको पाइन्छ ।

तर पनि २१ औं शताव्दीको संघारमा आई पुग्दा विद्यमान चूनौतीहरुको सामना कसरी गर्ने भन्न प्रभावकारी विकल्म प्रस्तूत गर्न असमर्थ देखिएका छन । अन्तरार्ष्ट्रिय बजारको सर्वव्यापक पंहुचले राज्यको परम्परागत भुमिकालाई होचो बनाएको छ । वैज्ञानिक संस्थाहरु जसले मानवता सम्बन्धि भुमण्डलिय मूद्दाहरुलाई चूनौती दिई रहेका

छन र समाधन भन्दा विशेष वर्गको साधन पुर्तिका लागि कर्यरत छन । अन्तराष्ट्रिय आर्थिक संस्थाहरु असमानताको उर्लदो बाढीलाई रोक्न असफल भएका छन । व्यापार व्यवसायहरु सामाजिक र वातावरणीय मुल्यको उपेक्षा गर्दै जसरी हून्छ नाफा कमाउने कार्यमा संलग्न छन । धार्मिक संस्थाहरुले अहिले सम्म हाम्रो समाजले भोगी रहेका चूनौतीहरुलाई कसरी सम्बोधन गर्ने सो सम्बन्धमा पर्याप्त भुमिका निर्वाह गर्न सकेका छैनन ।

यस सन्दर्भमा सबै महिला तथा पूरुषको अनिवार्य रुपमा व्यक्तिगत तथा सामूहिक दूवै ढंगबाट दायित्व वहन गर्न अगाडि आउनू पर्छ । मानव जातिलृ सामना गरिरहेका नंया चूनौतीहरुलाई सामना गर्न नया सम्भाव्यता अंगाल्नू पर्छ । प्रत्येक मानिसले आफनो उत्तरदायित्वलाई अझै पूनरपरिभाषित गर्नू पर्ने तथा आफनो उत्तरदायित्वलाई आफैले चयन गर्नू पर्ने टड्कारो भएर आएको छ । मानिसले आफूमा रहेको शक्ति विहीनताको हीन अनूभुतिलाई कम गर्न अझै त्यस माथि विजय हासिल गर्न सक्दो सम्बन्धहरुको विस्तार गरि सामुहिक शक्ति र सामर्थ्य आर्जन गर्नु पर्छ ।

यद्यपि सबै मानिसहरुलाई मानव अधिकारको उपभोग गर्ने समान हक छ तर उत्तरदायित्व भने समानूपातिक रुपमा सम्भाव्य अवसर अनूरुप वितरित भएको हून्छ । उत्तरदायित्वको अभ्यास र आफनो काम प्रतिको जिम्मेवारी बहन गर्दा स्वतन्त्रता, सुचनाको पहूच, ज्ञान, सम्पति र शक्ति आदिले क्षमताको अभिवृति गर्न सहयोग गर्ने गर्दछन । उत्तरदायित्वको सम्बन्ध बर्तमान र भविष्यसंग मात्र नभै विगतका कियाकलापसंग पनि समान रुपमा गासिएको छ । अवधारणालाई पनि सबै व्यक्ति र समूदायको अंगाल्नू पर्ने समय टड्कारो रुपमा उभिएको छ । वास्तवमा विश्वव्यापी सहयोग विश्व सूशासनको अवधारणा अपारदर्शी नै रहन्छ, जबसम्म यसका केही निश्चित र सर्वव्यापी स्वीकृत सिद्धान्त र विचारले जूनसूकै उत्पतिको श्रोत भए पति मानव जातिको लागि, आर्थिक प्रणालीको जीवनका लागि लाभदायक सावित ठहर हूदैन ।

## मानव उत्तरदायित्वको वडापत्रः ऐतिहासिक पृष्ठ भुमि र वर्तमान अवस्था

कसरी प्रारम्भ भयो-

नागरिकहरुको विश्वसभा (World Assembly of Citizen) चाल्सै लिओपोल्ड मेयर फाउण्डेशनको तत्वाधांनमा र सहयोगबाट विभिन्न तहमा ६ वर्षसम्म छलफल गरि बहुलवादी र एकीकृत विश्वका लागि उत्तरदायित्वको प्रारुप तयार पारि सन् २००१ मा मानव उत्तरदायित्वको वडापत्रको घोषणा गरेको थियो ।

अन्तरराष्ट्रिय रुपमा नवीकरण गरिएको विचारलाई नै प्रोत्साहान गर्ने प्रयास अन्तर्गत पृथ्वी ग्रहमा बस्ने प्राणी तथा मनुष्य जातिको भविष्यका लागि व्यक्तिगत र सामुहिक रुपमा मानिस नै जिम्मेवारी छ साथै मानव अधिकारको सम्मन र शान्ति प्राप्तिको विचारलाई पनि उत्तिकै दायित्वपुर्ण बनाएको छ । ततपश्चात सामूहिक जिम्मेवरी वहन गर्दा सामूहिक गल्तीलाई सम्बन्धित समूहले नैतिक रुपमा पनि स्वीकार गर्न सक्नु पर्छ

तथा जति सक्दो चांडो गल्तीलाई व्यवहारिक रुपमा सच्याउनु पर्छ । हामीले जहिले पनि वर्तमान र भविष्यका क्रियाकलापहरुबाट उत्पन्न परिणामलाई आंशिक रुपमा मात्र ग्रहण गर्ने गर्छौ । हाम्रो उत्तरदायित्वको अपेक्षा भनेको हामीले आवश्यक रुपमा प्रदर्शित गर्नु पर्ने उच्च विनम्रता र सचेतताको प्रदर्शन नै हो ।

मानवीय उत्तरदायित्वको अभ्यासका लागि मार्ग निर्देशित सिद्धान्तहरु:

१. मानव अधिकारको दायित्वलाई सूनिश्चित गर्नमा हाम्रो क्रियाकलाप र सोचविचार गर्ने तौर तरिकाहरु नै जिम्मेवार रहेका छन ।
२. हरेक व्यक्तिको सम्मानपूर्ण जीवनले अरु व्यक्तिको सम्मान र स्वतन्त्रतालाई अघि बढाउने कार्यमा योगदान गर्छ ।
३. उत्तरदायित्वको मानवीय क्षमतालाई निश्चितता तिर डोऱ्याउन भौतिक आवश्यकता र अभौतिक आंकाक्षालाई समावेश गरी सामान्य हीतको दायित्वलाई पनि संगसंगै अग्रसर गर्नु पर्ने हून्छ ।
४. स्थायी शान्तिको चाहना स्वतन्त्रता, न्याय र मेलमिलाप प्रक्रियाबाट मात्र सम्भव हूनसक्छ, जून कूरा मानवीय सम्मानमा आधारित हुन्छ ।
५. मानवीय आवश्यकताको परिपुर्तिको लागि विकास र प्राकृतिक श्रोतको उपभोग, सावधानी पूर्वक प्रवन्ध गर्नुको साथै श्रोत र साधनको पनि समान बांडफांड तथा उपयोगले अग्रगामी प्रयासलाई सूनिश्चित दिशा प्रदान गर्दछ ।
६. ज्ञानको पुर्ण क्षमता र ज्ञान सिक्ने तरिकालाई व्यवहार र कार्यान्वयनमा ल्याएमा एकीकृत एकताको सेवा भावना र बहूलवादी शान्ति तथा संस्कृतिको मुल्यलाई जगेर्ना गर्न सकिन्छ ।
७. स्वतन्त्र वैज्ञानिक अनूसन्धान नैतिक मुल्य र मान्यताको आधारमा निर्देशित गरि जैविक पदार्थलाई माथि उठाउने मानवीय सम्मान र प्राणी स्वरुपको आदर गर्ने तथ्यलाई बिर्सन हूदैन ।
८. शक्तिको प्रयोग जहासम्म सर्वसाधारणको हितका लागि र उसप्रति उत्तरदायित्वको पालना गरिन्छ भने त्यो हदसम्म मात्र वैधानिक ठहर्छ ।
९. कूनै पनि वेला छोटो अवधिको प्राथमिकता माथि निर्णयमा पूग्दा लामो अवधिको परिणामको मुल्यांकन नैतिकतामा आधारित न्यायलाई पनि आत्मसात गर्दै, यसबाट उत्पन्न अनिश्चितता र जोखिम दूवै अवस्थालाई ध्यान दृष्टिमा लिनू पर्छ ।
१०. आज भोलिका दिनहरुमा उठने चूनौतीहरुको सामना गर्न कार्यगत ऐक्यबद्ध गरि खास गरेर सांस्कृतिक विशिष्टताको हकमा संतूलन मिलाउन आवश्यक हूने गर्छ ।

उत्तरदायित्व: २१ औं शताब्दिको मूख्य प्रश्न-
राष्ट्र राष्ट्रबिच र राष्ट्र भित्रको आर्थिक खाडल फराकिलो हुनु, आर्थिक र राजनैतिक शक्ति केही व्यक्तिहरुको हातमा सिमीत हुनु, र प्राकृतिक श्रोतको दोहन तथा अत्यधिक

प्रयोगले विश्वव्यापी रुपमा असन्तोष र सघर्षको सृजना भएकोले, यसको भविष्य प्रति हामी सबैले गहिरो रुपमा सम्वेदनशील हुन सजग गराउछ । वास्तवमा हाम्रो मानवीय इतिहास अहिले दिग्भ्रमित चौबाटेमा उभिएको छ ।

मनूष्य जाति सम्पुर्ण ब्रम्हाण्डसंग गांसिएको एउटा हिस्सा हो र ती सबै जून रुपबाट संतूलित र एकीकृत छन त्यस कूरालाई बुझ्न मानवीय ज्ञान भन्दा टाढा रहेको छ । उत्तरदायित्वलाई हामी विभिन्न ढंगबाट अभिव्यक्त गर्न सक्छौ, जसमध्ये हामीले गरेको प्रत्यक्ष वा अप्रत्यक्ष कामको परिणाम स्वीकार्नू पर्ने दायित्वलाई छोटो समयको र यस्तै कार्यको परिणामबाट अन्यसंग सम्बन्धित तथा एकिकृत प्रभावपूर्ण कार्यहरुलाई लामो समयको दायित्व अन्तरगत वर्गीकृत गर्न सक्छौ ।

उत्तरदायित्व व्यक्तिगत तहमा नैतिकताको सिद्धान्त भन्दा माथिको कूरो हो जसलाई एउटा नागरिकले समाजको एक अंगको रुपमा आफनो सामाजिक परिचय प्रतिको प्रतिवद्धता जाहेर गरेको हुन्छ ।

## मुल्यहरु र अभ्यासहरु: एकता र विविधता

मानव इतिहासको प्रारम्भिक काल देखि धर्म र अन्य सबै ज्ञानले मुल्यको सम्बन्धमा शिक्षण र प्रशिक्षण गर्दै आएका छन तसर्थ मानिसले आफनो व्यवहारलाई उत्तरदायित्व पुर्ण मनोवृतिबाट निर्देशित गर्नू पर्छ । यो तथ्य आज पनि उतिकै सान्दर्भिक छ आधारभूत ज्ञानले व्यक्ति र समाजको मुल्यलाई व्यवहारको कसिद्धारा प्रभावित गरि रहेको हून्छ र वास्तवमा हाम्रो अभ्यासहरु र मुल्यहरु पारस्परिक रुपमा एक अर्कालाई प्रभावित गरि रहने गर्छन । जहांसम्म मुल्यहरुको कुरो छ, त्यस्तोमा सम्मान पुर्ण जीवनको हक, सम्पूर्ण प्राणि माथि आदर हिंसा भन्दा संवादलाई प्राथमिकता, दयामाया, अरुको मान्यता, पारस्परिक शिष्टाचार र इमान्दारिता, शान्ति र मेलमिलाम, न्याय र समानता तथा व्यक्तिगत हित भन्दा सामूहिक हितलाई प्राथमिकता साथ समावेश गर्नू पर्छ । आर्थिक विकासको आवश्यकतालाई प्रोत्साहान दिनु पर्दा वातावरणको संरक्षण र मानव अधिकारको संगसंगै आदर गर्नु पर्ने, कूनै पनि व्यक्ति वा समाजको लागि एउटा संकटको सामना गर्नु पर्ने स्थिती उत्पन्न भएको हुन्छ । यी सबै उल्लेखित बिषयहरु एक अर्को संग अन्तर सम्बन्धित छन तसर्थ यिनीहरुलाई छुट्टा छुट्टै सम्बोधन गर्न उपयुक्त हुदैन । सबै दायित्व पूर्ण कार्यहरु भिन्ना भिन्नै किसीमका मानवीय क्रियाकलापहरु भए पनि एक आपसमा एकीकृत भएर रहेका हून्छन जसका लागि निर्णय गर्दा विचारको स्पष्टता र प्रतिवद्धताका र मूल्य प्रदर्शन गर्ने आवश्यकता पर्छ । यद्यपि मानिसहरुको प्राथमिकता ऐतिहासिक सन्दर्भ र वर्तमानको वातावरणले फरक हुन सक्ला तर यसै सन्दर्भलाई प्राथमिकताको वहाना बनाएर अन्य बिषय प्रति उपेक्षा भाव राखि अवरोध सृजना गर्न मिल्दैन ।

जसरी मानव अधिकारको बिषयलाई विश्व समूदायले स्वीकार गरेको छ त्यसै गरी मानव उत्तरदायित्वको वडापत्रको सम्बर्द्धनका लागि अन्तरराष्ट्रिय वडापत्र सहयोग समितिबाट (International Charter Facilitation Committee) निर्माण भएको हो ।

विश्वव्यापी वडापत्रको समन्वय र सहयोगका लागि अन्तरराष्ट्रिय वडापत्र सहयोग समिति र क्षेत्रीय वडापत्र समिति र तिनका राष्ट्रिय समितिका सदस्यहरुको योगदान रहेको छ । यस कार्यमा समाजका विभिन्न तह वर्ग र पेशागत समूहहरुलाई प्रतिनिधित्व गर्ने व्यक्तिहरुको विचार र क्रियाकलापहरुलाई समेट्ने प्रयास भएको छ । मूख्य रुपमा आर्थिक सहयोगको व्यवस्था चार्ल्स लिओपोल्ड मेयर फाउण्डेशन पेरिसको रहेता पनि अन्य स्थानीय क्रियाकलाप र कार्यक्रम सम्पन्न गर्न स्थानीय संगठनहरुबाट नै आर्थिक समर्थन र योगदान रहेको छ ।

## पाठ र पुर्व पाठको लागि संवाद प्रभाव तथा कार्य

वडापत्रको निर्देशित सिद्धान्तको सृजना अन्तर संस्कार र अन्तर अनुशासन, संवादको परिणामबाट भएको हो । जसको प्रारम्भ सन् १९९८ देखि भएको थियो ।

वडापत्रको प्रस्तावना संवाद सहकार्यका लागि एउटा प्रविधी हो, एउटा प्रस्थान विन्दू हो । जून ठाउंमा सबैको पहूंच रहेको हून्छ र जसले अनिवार्य अर्थको पूनरविचार र समाजमा हाम्रो उत्तरदायितत्व स्थानलाई बोध गराउन मद्दत गर्छ । पूर्व पाठको सन्दर्भमा वडापत्रको सर्वव्यापी मानव उत्तरदायित्वको सिद्धान्तलाई प्रोत्साहित गरि व्यक्ति र समूहको दायित्वको अर्थलाई प्रतिविम्बित गर्दै, एउटा मानिसले अर्को मानिससंग र पृथ्वी ग्रहका सम्पुर्ण जीवात्मासंग उत्तरदायित्व पुर्ण व्यवहारलाई आत्मसात गर्ने तथ्यलाई उजागर गर्छ ।

पाठको सन्दर्भमा वडापत्रले कूनै नियमको निर्देश गरेको छैन बरु यसले प्राथमिकता प्राप्त बिषय प्रस्तावित गर्छ र हाम्रो दैनिक जीवनलाई संचालित गर्दा त्यसलाई प्रतिवद्धताका साथ अनूकरण गर्नु पर्नेमा जोड दिन्छ । वडापत्रको सिद्धान्तले हामी सबैलाई विचारवान बन्न चूनौती दिएको छ र यसको नीति र व्यवहारलाई इमान्दारीका साथ अनुकरण गर्न उत्प्रेरित गरेको छ ।

## हाल चलिरहेको प्रक्रिया

यो वडापत्रलाई करिव २५ वटा भाषामा अनूवाद गरि वडापत्रको बिषयलाई यथोचित सांस्कृतिक धारणा अनूरुप अनुवादित गरिएको छ । स्थानिय रुपमा व्यक्तिहरुलाई आमन्त्रित गरी उनीहरुकै सामाजिक र पेशागत सन्दर्भमा उत्तरदायित्वको पून: परिभाषा गर्न लगाइएको छ । यसको प्रभाव सबै जसो सामुदायिक मञ्चमा जस्तै कर्यशाला गोष्ठी, विभिन्न संस्कृति र अन्तर विश्वास भएका बीचहरुको वार्तालाप स्थानीय व्यापारीहरु बीच सामाजिक दायित्व बिषयक संवाद, प्रकाशनहरु, पाठ योजनाहरु र त्यस्तै कला, नाटक र संगीत आदिमा सहज रुपमा देख्न सकिन्छ ।

वडापत्रको सिद्धान्त सन्दर्भ विन्दू हो जहांबाट समस्त सामाजिक र पेशागत क्षेत्रहरु स्वयं उत्तरदायित्वको निर्देशिका कोर्न सक्छन । यी निर्देशिका सामाजिक सम्झौताका आधारशीला हुन जसले यी क्षेत्र र अन्य सामाजिक क्षेत्र संगको सम्बन्धलाई गांसेर राख्ने कार्य गर्छ । यस प्रकार विश्वव्यापी रुपमा उत्पन्न चेतनाले उत्तरदायित्वपूर्ण विचारको आधारमा अन्तरराष्ट्रिय सामाजिक सम्झौताको नेतृत्व गर्ने र त्यसैले २१ औं शताब्दीको आवश्यकताको सम्बोधन पनि गर्ने छ ।

विश्वभरिका व्यक्ति र संगठनहरुले मानव उत्तरदायित्वको बडापत्रलाई आफनै परिस्थिती अनूकुल प्रयोग र प्रचलनमा ल्याउने तथा आफना गतिविधीहरुलाई सूचित गर्ने गरेका छन् । त्यस्तै व्याख्याको क्षेत्र, अर्थ र सांस्कृतिक अवसरले विभिन्न मूलुकका विभिन्न ठुला परियोजनाहरुलाई उत्प्रेरणा प्रदान गर्ने गरेको छ । सबै जसो सुचनाहरु बडापत्रको वेबसाइटमा पाउन सकिन्छ ।

\- - -